# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, पुस ६ गते २०४७ साल ( अतिरिक्ताङ्क ४६

## भाग ४

### निर्वाचन आयोगको सूचना

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४५ बमोजिम गठन हुने प्रतिनिधि सभाको सदस्यको निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनैतिक संगठन वा दलले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचन आयोगको कार्यालय, कान्तिपथ, काठमाडौंमा आफ्नो नाम दर्ता गराउन निवेदन दिन संविधानको धारा ११३ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

दर्ताको लागि दिइने निवेदनपत्रमा निम्नलिखित विवरण खुलाउनु पर्नेछः–

१. राजनैतिक संगठन वा दलको नाम ।

२. कार्यकारिणी समितिको पदाधिकारी अथवा अन्य कुनै समिति भए सोको र सदस्यहरूको नाम र ठेगाना ।

३. कार्यालय रहेको ठेगाना र फोन नम्बर भएमा सो समेत खुलाउने ।

४. राजनैतिक संगठन वा दलको विधान, घोषणापत्र वा नियमावली ।

नेपाल अधिराज्यको संविधान २०४७ धारा ११२ (३) अनुसार कुनै राजनैतिक संगठन वा दल धर्म, सम्प्रदाय, जात, जाति वा क्षेत्रियताको आधारमा गठन भएको रहेछ भने निर्वाचन आयोगले राजनैतिक संगठन वा दलको रूपमा मान्यता दिने छैन ।

नेपाल अधिराज्यको संविधानको धारा ११३ अनुसार माथि उल्लेखित कुराहरूको अतिरिक्त दर्ताको लागि राजनैतिक संगठन वा दलले निम्नलिखित शर्तहरू पनि पूरा गर्नु पर्नेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०७ ५९५

(क) सो संगठन वा दलको विधान र नियम प्रजातान्त्रिक हुनुपर्छ ।

(ख) सो संगठन वा दलको विधान वा नियममा कम्तीमा ५ वर्षको एक पटक संगठन वा दलका पदाधिकारीहरूको निर्वाचन हुने व्यवस्था भएको हुनुपर्छ ।

(ग) नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११४ अनुसार प्रतिनिधि सभाको लागि हुने निर्वाचनमा प्रत्येक राजनैतिक संगठन वा दलका उम्मेदवारहरूमध्ये कम्तीमा ५ (पाँच) प्रतिशत महिला उम्मेदवार हुनु अनिवार्य हुनेछ ।

(घ) प्रतिनिधि सभाको निर्वाचनमा खसेको जम्मा मतको तीन प्रतिशत मत प्राप्त गरेको हुनुपर्छ ।

तर पहिलो पटक हुने प्रतिनिधि सभाको निर्वाचनमा भाग लिनको लागि खण्ड (घ) मा उल्लेखित शर्त बन्देज लागू हुनेछैन ।

स्पष्टीकरण : कुनै दलले खसेको मतको तीन प्रतिशत मत हासिल गर्न नसकी सो दल वा संगठनको उम्मेदवार प्रतिनिधि सभामा चुनिएर गएको खण्डमा सो व्यक्तिको अस्तित्व संगठन वा दलको रूपमा नभई स्वतन्त्र रूपमा रहेको मानिनेछ ।

कुनै राजनैतिक संगठन वा दलको सदस्यता प्राप्त गर्न केवल धर्म, जात, जाति, भाषा वा लिङ्गको आधारमा नेपाली नागरिक उपर भेदभावपूर्ण बन्देज लगाइएको वा कुनै राजनैतिक संगठन वा दलको नाम, उद्देश्य, चिह्न वा झण्डा, धार्मिक, साम्प्रदायिक वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने निर्वाचन आयोगले त्यस्तो संगठन वा दललाई दर्ता गर्ने छैन भन्ने कुरा पनि नेपाल अधिराज्यको संविधानको धारा ११३ को उपधारा (३) मा उल्लेख छ ।

उपरोक्त संवैधानिक व्यवस्था अनुसार दिएको निवेदन प्राप्त भएपछि सो सम्बन्धमा आयोगबाट भएको निर्णयको जानकारी सम्बन्धित संगठन वा दललाई दिइने बेहोरा समेत सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
अच्युतनारायण राजभण्डारी
निर्वाचन आयोगको सचिव

292 220



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।